# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७५।०७।१५ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

-----------------------------------------------

धनुषा जिल्लाको जनकपुरधाम स्थित बृहत्तर जनकपुर क्षेत्र विकास परिषदबाट रंगभूमि मैदान, गंगासागर र तिरहुतीया गाछी संरक्षण कार्य लगायतको बिभिन्न आठवटा ठेक्काको बोपलत्र मुल्याङ्कन प्रक्रिया र निर्माण कार्यमा अनियमितता भएको भन्ने समेत व्यहोराको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा अनुसन्धानको क्रममा प्राप्त बिवरण सबुतप्रमाण तथा कागजातको बिश्लेषण एंव अनुसन्धान हुँदा भारतीय सरकारको सहयोगमा बृहत्तर जनकपुर क्षेत्र विकास परिषद, जनकपुरधामबाट सञ्चालित आठवटा परियोजनामध्ये ठेक्का नं. GOI/RB02/067-68JNP, GOI/RB03/067-68JNP, GOI/RB04/067-68JNP, GOI/GD03/067JNP र GOI/GD04/076-068JNP गरी जम्मा पाचँवटा प्याकेजका बोलपत्रहरुको परिषदबाट गठित मुल्याङ्कन समितिले विभिन्न मितिमा मूल्याङ्कन गर्दा लागत अनुमान अंकभन्दा ३० प्रतिशत भन्दा बढी घटेको कारण देखाई बृहत्तर जनकपुर क्षेत्र विकास परिषद नियमावली, २०५८ को नियम १५.९ को उपनियम ४ बमोजिम बोलपत्र अमान्य हुने जनाइ मुल्याङ्कन प्रक्रियामा समावेश नगरी बदनियत वा लापरवाहीपूर्वक मूल्याङ्कन गरी सिफारिस भएको तथा सो बमोजिम नै बोपलत्र स्वीकृत गरेको कार्यवाट उक्त परिषदलाई हानीनोक्सानी भएको रकम रु.६२,८८,५६९।०८(बैसठ्ठी लाख अठासी हजार पाँच सय उनान्सत्तरी रुपैया आठ पैसा(मू.अ.कर.बाहेक) एवं निर्माण कार्यका विभिन्न आइटमहमा ठेक्का सम्झौता भएको एकाईदरमा घटीबढी हुने गरी भेरिएशन आदेश स्विकृत गरेको कार्यबाट ठेक्का नं. GOI/RB०१/०६७-६८JNP मा रु.९,८५,८३८।८४(नौ लाख पचासी हजार आठ सय अठतीस रुपैंया चौरासी मात्र) र ठेक्का नं. GOI/GD०१/०६७-०६८JNP मा रु.३,५४,०९५।-(तीन लाख चौवन्न हजार पन्चानब्बे मात्र) गरी कूल जम्मा रकम रु.७६,२८,५०२।९२ (छयहत्तर लाख अट्ठाइस हजार पाचँसय दुइ रुपैंया बयानब्बे पैसा) भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम हिनामिना तथा हानिनोक्सानी गरेको देखिएकोले उक्त कार्यमा संलग्न बृहत्तर जनकपुर क्षेत्र विकास परिषदका देहायका पदाधिकारी, कर्मचारी एवं ठेकेदार कम्पनीका अधिकारप्राप्त प्रतिनिधि समेत १० जना उपर देहाय बमोजिमको कसुरमा देहाय बमोजिमको सजायको मागदावी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

| सि.न | नामथर | पद | कार्यालय | बिगो | मागदावी |
|---|---|---|---|---|---|
| १ | दिगम्वर राय | तत्कालीन अध्यक्ष | बृहत्तर जनकपुर क्षेत्र विकास परिषद | रु.७६,२८,५०२।९२ | भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ बमोजिमको कसुरमा सोही ऐनको दफा १७ तथा दफा ३ को उपदफा (१) र दफा(३)को उपदफा(१) को देहाय (ज) बमोजिम र सोही ऐनको दफा १७ बमोजिम बिगो असुलउपर हुन मागदावी |
| २ | डा.सूर्यदेव शाह | तत्कालीन कार्यकारी निर्देशक | " | रु.६२,८८,५६९।०८ | " |
| ३ | उषा मिश्र | नायव सुब्बा | " | रु.६६,४२,६६४।०८ | " |

| सि.न | नामथर | पद | कार्यालय | बिगो | मागदावी |
|---|---|---|---|---|---|
| ४ | उत्तमराज शर्मा ढकाल | लेखापाल | बृहत्तर जनकपुर क्षेत्र विकास परिषद | रु.६२,८८,५६९।०८ | भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ बमोजिमको कसुरमा सोही ऐनको दफा १७ तथा दफा ३ को उपदफा (१) र दफा(३)को उपदफा(१) को देहाय (ज) बमोजिम र सोही ऐनको दफा १७ बमोजिम बिगो असुलउपर हुन मागदावी |
| ५ | परसुराम शाह | तत्कालीन सव इन्जिनियर | " | रु.३,५४,०९५।- | भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ बमोजिमको कसुरमा सोही ऐनको दफा १७ तथा दफा ३को उपदफा(१) र दफा(३)को उपदफा (१) को देहाय (घ) बमोजिम र सोही ऐनको दफा १७ बमोजिम बिगो असुलउपर हुन मागदावी |
| ६ | राजेश कुमार शाह | तत्कालीन कार्यकारी निर्देशक | " | रु.६२,८८,५६९।०८ | भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ बमोजिमको कसुरमा सोही ऐनको दफा १७ तथा दफा ३को उपदफा(१) र दफा(३)को उपदफा (१) को देहाय (ज) बमोजिम र सोही ऐनको दफा १७ बमोजिम बिगो असुलउपर हुन मागदावी |
| ७ | गोपाल झा | तत्कालीन कार्यकारी निर्देशक | " | रु.९,८५,८३८।८४ | भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ बमोजिमको कसुरमा सोही ऐनको दफा १७ तथा दफा ३को उपदफा(१) र दफा(३)को उपदफा (१) को देहाय (ङ) बमोजिम र सोही ऐनको दफा १७ बमोजिम बिगो असुलउपर हुनमागदावी |
| ८ | उपेन्द्र झा | तत्कालीन प्रोजेक्ट इन्जिनियर | " | रु.१३,३९,९३३।८४ | भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ बमोजिमको कसुरमा सोही ऐनको दफा १७ तथा दफा ३को उपदफा(१) र दफा(३)को उपदफा (१) को देहाय (च) बमोजिम र सोही ऐनको दफा १७ बमोजिम बिगो असुलउपर हुन मागदावी |
| ९ | विष्णु बहादुर राउत | प्रतिनिधि | ठेकेदार चन्द्रा एण्ड वसन्त कन्ट्रक्सन प्रा.लि | रु.९,८५,८३८।८४ | भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा(४) बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा ४ बमोजिम सजाय हुन र दफा ८ को उपदफा ४ बमोजिम बिगो असुलउपर हुन मागदावी |
| १० | प्रदिप नारायण शाह | प्रतिनिधि | ठेकेदार डाँफे/सगरमाथा जे.भि. | रु.३,५४,०९५।- | " |

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता